नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

अनुमतिपत्र महाशाखा

(..........................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

फ्याकस: ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल


पत्र संख्या: ०८०/८१

चलनी नं.: च.नं.:- ९१

मिति: २०८०/०४/०५

**इखुवा खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे।**

श्री अप्पर अरुण हाइड्रो इलेक्ट्रीक लि.
दरबारमार्ग, काठमाडौं , नेपाल
फोन नं :०१-४१५३२२७
इमेल: upperarun@nea.org.np

प्रस्तुत विषयमा  इखुवा खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गर्न पेश भएको दरखास्त माथि कारवाही हुने क्रममा तपसिल बमोजिमका कागजात/ विवरणहरु नपुग देखिएको हुँदा मिति २०८०/०३/२८ को विभागीय निर्णयानुसार उक्त कागजात/ विवरणहरु ३५ (पैतिस) दिनको समयावधि भित्र पेश गर्नहुन निर्देशानुसार जानकारी गराइन्छ ।

तपसिल :

१. कम्पनी संस्थापनाको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कम्पनीको अद्यावधिक शेयर लगत अभिलेख, पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको प्रमाण, उद्योग दर्ताको प्रमाणपत्र वैदेशिक लगानीको ) । (हकमा सोको स्वीकृति समेत

२. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना र अख्तियारी प्राप्त (इमेल ,पोष्ट बक्स नं) प्रवर्द्धक कम्पनीले वा सोका शेयर होल्डरहरुले यस अघि उत्पादन अनुमतिपत्र प्राप्त .व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागी भएको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी नेट वर्थ

३. शेयर र ऋण लगानीको अनुपात स्पष्ट खुल्ने विवरण तथा जानकारी।

४. कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परिक्षण गरिएको वित्तीय विवरण।

५. आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीको नेटवर्थ वा कम्पनीमा कायम रहेको शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative networth तथा आवश्यकता अनुसार आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयरहोल्डरहरु बीच भएको सम्झौता र कुनै शेयर होल्डरले लिन कबूल गरेको शेयर बराबरको निजको networth नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयर होल्डर हरुबीच भएको सम्झौता र networth प्रमाणित गर्ने CA को प्रमाणित विवरणहरु।

६. शेयर पूंजी लगानी गर्ने प्रतिवद्धता गरिएको संचालक समितिको निर्णय

७. आयोजनाको सम्भाव्यता अध्ययन वा विस्तृत इन्जिनियरिंग डिजाईन र डिजाईन नक्शा र ड्रइंग तथा सोको विद्युतीय प्रति पेश भएकोमाmain report मात्र पेश भएको(

८. आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरूप नक्शा (टोपो)

९. निर्माण कार्यको विस्तृत तालिका ।

१०. आयोजनाको लागि आवश्यक घर जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत ।

११. आयोजनाको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र सोको विद्युतीय प्रति ।

१२. आयोजनाको विद्युत जडान सम्झौता वा विद्युत खरिद बिक्रि सम्झौता ।

(हस्ताक्षर)
०८०/०४/०५
इ. राम नेपाल